अनुसूची -१
(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

# उजुरीको ढाँचा

## न्यायिक समिति समक्ष पेश गरेको निवेदन-पत्र

तनहुँ जिल्ला घिरिङ गाउँपालिका, वडा नं ... ... बस्ने श्री .. .... .... ... को छोरा/छोरी/श्रीमति ... ... बर्ष .... ... को ... ... ... ... निवेदक श्री .. .. ... .... .... .. ... ....... ........... ............... .............. ....... ।

(प्रथम पक्ष)

**विरुद्ध**

तनहुँ जिल्ला घिरिङ गाउँपालिका, वडा नं ... ... बस्ने श्री .. .... .... ... को छोरा/छोरी/श्रीमति ... ... बर्ष .... ... को ... ... ... ... निवेदक श्री .. .. ... .... .... .. ... ............. ......... .......... .............. ......... ।

(दोश्रो पक्ष)

**विषयः सम्वन्ध विच्छेद**

म निम्न वुँदाहरुमा लेखिए वमोजिम निवेदन गर्दछुः

१.म निवेदक र यस विवादको दोस्रो पक्षविच संवत २०६९ सालमा सामाजिक परम्परा अनुसार विवाह गरिएको हो । विवाह भएपश्चात २ वर्षसम्म अर्थात २०७१ सालसम्म हामीविच सुमधुर दाम्पत्य जीवन रहेको थियो । हामीबाट २०७१ साल जेठमा १ छोराको समेत जायजन्म भएको छ । एक आपसमा लोग्ने स्वास्नी विचको सहमति र सहकार्यमा छोरा जन्मेपछी क्रमशः समस्या देखिँदै जान थाल्यो । २०७१ सालको तिहारमा माइत गएपछी उनी घर आइनन् । पटक पटक घर आउन फोनबाट अनुरोध गरेँ । २ पटकसम्म लिन गएँ । तर निजले तिमीसँग मेरो जीवन चल्न सक्दैन, म घर जान सक्तिन, तिमी जे गर्नुपर्छ गर भनि ठाडो जवाफ दिन थालिन । के कारणले यस्तो हुन गयो भनि सोध्दा अव तिम्रो र मेरो सम्वन्ध छैन आफुखुसी गर र मलाई सम्पर्क नगर,गरेमा राम्रो हुँदैन भनि धाक धम्की र त्रास मसेत दिइन । लामो समयसम्म मन फर्केला र घर आउलिन भनि पर्खी वसेँ तर आईनन । करिव ३ वर्षपछी अर्थात २०७४ साल भाद्र महिनामा पुनः लिन गएँ तर विपक्षी मसँग वोल्दै नवोली घरभित्र छिरिन र साला जेठान पठाईशारीरिक आक्रमण गर्ने सम्मको कार्य गरी मलाई तथानाम गालि गलौच गरे । मुश्किलले ज्यान जोगाई निराश भएर घर फर्किएँ र अव दोस्रो पक्ष श्रीमती मसँग पुनः फर्कि आउने र दाम्पत्य जीवन सुमधुर हुने सम्भावना नभएकोले पारिवारिक विवाद निरुपणका लागि यो निवेदन दिन आएको छु ।

२.यस समितिबाट दोस्रो पक्ष झिकाई जे जो वुझ्नुपर्छ वुझी विवाद निरुपण गराईपाउँ ।

३.यस गाउँपालिकाबाट जारी भएको स्थानीय न्यायिक कार्यविधिको दफा वमोजिम निवेदन .... ...... दस्तुर रु, दोस्रो पक्ष १ जनालाई म्याद सूचना दस्तुर रु ........., पाना २ को निवेदनको प्रतिलिपी दस्तुर रु यसै निवेदनसाथ दाखिल गरेको छु ।...... समेत गरी जम्मा रु ............

४.यो निवेदन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ (२) अनुसार यसै समितिको अधिकारक्षेत्रभित्र पर्दछ ।

५.यो निवेदन हदम्यादभित्रै छ र म निवेदकलाई यस विषयमा निवेदन दिने हकदैया प्राप्त छ ।

६.यस विषयमा अन्यत्र कहीँ कतै कुनै निकायमा कुनै प्रकारको निवेदन दिएको छैन ।

७.यसमा दोस्रो पक्षको माइती तर्फका र मेरो घर तर्फका परिवारका सदस्यहरु झिकाई थप व्यहोरा वुझ्न सकिनेछ ।

८.यसमा लेखिएका व्यहोरा ठिक साँचो सत्य हुन्, झुठा ठहरे कानून वमोजिम संजाय भोग्न तयार छु ।

**<u>निवेदक</u>**

हस्ताक्षरः

नामः

ठेगानाः

नागरिकता नं र जारी जिल्लाः

इति संवत् ... .... साल ..... ...... महिना ..... ..... गते .... .... रोज ... ... शुभम्।